मिति २०८१/७/२८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि

१. विपद् अर्न्तगत नदीजन्य पदार्थ निकाल्ने सम्बन्धमा ।
२. मन्त्रालयको सुझाव कार्यान्वयन पत्र सम्बन्धमा ।
३. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिका वडा नं. १४ मा पर्ने वाणगंगा खोलाको मुन्द्रीवास पुच्छार र पावरको माथिल्लो भाग खोलाको बिचमा थुप्रीएको नदीजन्य पदार्थका कारण जग्गा कटान गरिरहेकोले उक्त नदीजन्य पदार्थ तत्काल हटाउन र वाणगंगा खोलाकै पावर सिचाई कुलोको बाधमा नदीजन्य पदार्थ थुप्रीन गई सिंचाई कुलो संचालन नभएकोले उक्त नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भई उल्लेखित दुवै क्षेत्रको नदीजन्य पदार्थ हटाउने सम्बन्धि नगर विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय गरी जिल्ला विपद् व्यवस्थापन समितिमा माग गरिएकोमा मिति २०८१/७/२६ गतेको जिल्ला विपद् व्यवस्थापन समितिबाट शितगंगा नगरपालिका वडा नं. १४ मा पर्ने वाणगंगा खोलाको मुन्द्रीवास पुच्छार र पावरको माथिल्लो क्षेत्र खोलाको बिच भागमा थुप्रीएको नदीजन्य पदार्थका कारण जग्गा कटान गरिरहेकोले उक्त नदीजन्य पदार्थ हटाउन र वाणगंगा खोलाकै पावर सिचाई कुलोको बाधमा नदीजन्य पदार्थ थुप्रीन गई सिंचाई कुलो संचालन नभएकोले कुलो संचालनको लागि नदीजन्य पदार्थ हटाउने सम्बन्धमा प्राविधिक प्रतिवेदन तथा प्रचलित कानुन बमोजिम २१ दिन भित्र हटाउन अनुमती दिने भनि निर्णय भई आएकोमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयका आधारमा तपशिल बमोजिम उक्त नदीजन्य पदार्थ हटाउने निर्णय गरियो ।

**तपशिल**

**(क)** प्रदेश पूर्वाधार विकास प्राधिकरण दाङको च.नं. ६१ मिति २०८१/७/९ गतेको पत्रबाट प्रदेश सरकारको गौरवको आयोजना लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको लागि ४००० (चार हजार) घन मिटर नदीजन्य निर्माण सामाग्री त्यस न.पा.को वडा नं. १४ बाणगंगा खोलाबाट निर्माण व्यवसायी CAPACITR- ASHISH-RELIGARE J/V KUPANDOL, LALITPUR NEPAL लाई उपलब्ध गराई दिन भनि सिफारिस गरेकोमा उक्त निर्माण व्यवसायीले समेत माग गरी निवेदन दिएकोमा शितगंगा नगरपालिका वडा नं. १४ को पावर सिंचाई योजनाको कुलोको बाधमा रहेको प्राविधिक समितिको प्रतिवेदन अनुसारको ३००० घन मिटर नदीजन्य पदार्थ प्रदेश सरकारको आर्थिक ऐनमा नदीजन्य पदार्थको तोकिएको दरमा राजश्व लिई न.पा.सँग सम्झौता गरी तोकिएको क्षेत्रमा मेशिन प्रयोग गरी तोकिएको परिमाण उत्खनन् गरी सम्बन्धित आयोजना निर्माणको लागि सम्झौता मितिले २१ दिन भित्र लैजान CAPACITR- ASHISH-RELIGARE J/V निर्माण व्यवसायीलाई दिने ।

**(ख)** सडक डिभिजन कार्यालय शिवपुर कपिलवस्तुको च.नं. २४३ मिति २०८१/७/२ गतेको पत्रबाट राष्ट्रिय प्राथमिकताको आयोजना विक्रमसोता दमार मन्द्रे सुपाखोला खाचीकोट नुवाकोट अर्घाकोट बल्कोट सडक निर्माणको लागि आवश्यक नदीजन्य निर्माण सामग्री निर्माण व्यवसायी श्री रायमाझी प्रदिप जे.भी

रुपन्देहीलाई उपलब्ध गराई दिन भनि सिफारिस गरेकोमा उक्त व्यवसायीले समेत माग गरी निवेदन दिएकोमा शितगंगा नगरपालिका वडा नं. १४ को बाणगंगा खोलाको मुन्द्रिवास पुच्छार र पावर गाउँको माथिल्लो भागमा खोलाको बिचमा रहेको प्राविधिक समितिको प्रतिवेदन अनुसारको ५०४० घन मिटर नदीजन्य पदार्थ प्रदेश सरकारको आर्थिक ऐनमा नदीजन्य पदार्थको तोकिएको दरमा राजश्व लिई न.पा.सँग सम्झौता गरी सम्झौता मितिले २१ दिन भित्र तोकिएको क्षेत्रमा मेशिन प्रयोग गरी तोकिएको परिमाण उत्खनन् गरी उक्त निर्माणाधिन सडकको विकमसोता मुन्द्रिवास क्षेत्रमा प्रयोग गर्न रायमाझी/प्रदिप जे.भी निर्माण व्यवसायीलाई दिने ।

**(ग)** मिति २०८१/७/१३ गतेको कार्यपालिका बैठकको निर्णय नं. १ मा निर्णय भएको नदीजन्य पदार्थ लैजाने सम्बन्धमा राजश्व बुझाई न.पा. सँग सम्झौता गरी सम्झौता मितिले २१ दिन भित्र हटाउने गरी पूर्व कार्यपालिकाको निर्णय अनुसार गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायलको च.नं. ११३ मिति २०८१/७/८ गतेको पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव सम्बन्धि पत्र आजको बैठकमा छलफल भयो । उक्त पत्रमा उल्लेख भएबमोजिमका सुझावहरुलाई मध्यनजर गर्दै आगामी दिनमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** मिति २०८१/७/१३ को कार्यापालिका बैठकको निर्णय नं. ३ झोलुङ्गेपुल प्राथमिकता गर्दा केही झो.पु.को नाम दोहोरीएको र केही छुटेको ले सि.नं. ३० को नाम हटाई सोताखोला भो.पु.सामकोट शिनपा १० र सि.नं. ३८ को नाम हटाई सोताखोला ट्रष्टबृज सामकोट शिनपा १० कायम गरी सुधार गर्ने ।